धादिङ जिल्लाबाट प्रकाशित पहिलो दैनिक जि. प्र. का. दर्ता नं. ०६/०६१/०६२ जि. हु. का. दर्ता नं. ०६/०६९/७०

# प्रत्यूष
National Daily राष्ट्रिय दैनिक

ग्राहक बन्नु परेमा
पत्रिका नियमित नआएमा
ठेगाना परिवर्तन भएमा वा अन्य कुनै
गुनासो भएमा कल गर्नु पर्दैन ।
९८५११२०८५०
भाईबरमा SMS मात्र गर्नुहोस्
"हामी यता बाट कल गर्छौं"

स्क्यान गर्नुहोस्
ई-पेपर हेर्नका लागि

वर्ष २२, अङ्क ३१५ ◆ २०८३ जेष्ठ १८ गते सोमबार, Monday, June 1, 2026 ◆ ने सं ११४६ ◆ धादिङ ◆ Pratyus National Daily ◆ पृष्ठ ४ ◆ मूल्य रु. ५/-

## बाँसुरी बाजा प्रतियोगिताको ट्रफी देवीस्थानलाई

भक्तपुर । उपत्यकाव्यापी परम्परागत खुला बाँसुरी बाजा प्रतियोगिता २०८३ को ट्रफी बालाजुस्थित देवीस्थान बाँसुरी खलले उचालेको छ । उसले प्रथम हुँदै रु २५ हजार प्राप्त गरेको छ ।

चाँगुनारायण नगरपालिका-९ ताथली फैढोकामा आयोजना गरेको प्रतियोगितामा उपत्यकाका विभिन्न क्षेत्रबाट आएका १३ टोलीका ३०० भन्दा बढी कलाकारको सहभागिता रहेको थियो । स्थानीय मौलिक संस्कृति, परम्परागत बाँसुरी बाजा तथा साङ्गीतिक सम्पदाको संरक्षण, सवर्द्धन तथा नयाँ पुस्तामा हस्तान्तरण गर्ने उद्देश्यले आयोजित प्रतियोगितामा चन्द्रागिरिस्थित झिगु नेवाः बाँसुरी खलले द्वितीय हुँदै रु २० हजार, ट्रफी र प्रमाणपत्र प्राप्त गरेको छ ।

त्यस्तै ताथलीस्थित खगां दाफा भजन खलले तृतीय हुँदै रु १० हजार, ट्रफी र प्रमाणपत्र तथा सरस्वती खेलस्थित ससु माजु बाँसुरी खलले सान्त्वनासहित रु पाँच हजार र प्रमाणपत्र प्राप्त गरेको छ। अन्तिम चरणसम्म पुगेर निर्णायकको छनोटमा पर्न सफल काठमाडौँको न्युरोडस्थित पाको पुखध्या मानन्धर खललाई प्रोत्साहनस्वरूप रु दुई हजार ५०० सहित प्रमाणपत्र प्रदान गरिएको थियो । बागमती प्रदेशसभा सदस्य सुरेन्द्रराज गोसाईंले आइतबार सम्पन्न कार्यक्रममा पुरस्कार तथा प्रमाणपत्र प्रदान गर्नुभयो। चाँगुनारायण नगरपालिका-९ का वडाध्यक्ष गणेश त्यातले प्रतियोगितामा भक्तपुर, काठमाडौँ, चन्द्रागिरि, गोकर्णेश्वर, बालाजु, सूर्यविनायकलगायत क्षेत्रका बाँसुरी बाजा टोलीहरूले आफ्नो कला, सीप र साङ्गीतिक परम्पराको उत्कृष्ट प्रस्तुति प्रदर्शन गरेको बताउनुभयो ।

## प्रतिनिधिसभाः राष्ट्रियसभाको संशोधन स्वीकृत

काठमाडौँ। प्रतिनिधिसभाको आजको तेस्रो बैठकमा मतदाता नामावली (पहिलो संशोधन विधेयक, २०८३' मा राष्ट्रियसभा बाट भएको संशोधन स्वीकृत भएको छ ।

बैठकमा प्रधानमन्त्री एवं गृहमन्त्री वालेन्द्र शाहका तर्फबाट कानुन, न्याय तथा संसदीय मामिलामन्त्री सोबिता गौतमले सो संशोनसहितको विधेयकमाथि विचार गरियोस् भन्ने प्रस्ताव प्रस्तुत गर्नुभएको थियो । संशोधनबारेको छलफलमा भाग लिन कुनै पनि सदस्यले नाम नटिपाएपछि निर्णयार्थ प्रस्तुत गर्दा बहुमतले विधेयक स्वीकृत भएको हो ।

विपक्षीहरूको विरोधका बीच प्रतिनिधिसभाको बैठक आइतबार पटकपटक स्थगन भएको थियो भने राति १०:१५ मा सकिएको छ ।

प्रतिनिधिसभाको अर्को बैठक यही जेठ १८ गते सोमबार दिउँसो १:०० बजे बस्नेछ ।

## प्रतिनिधिसभा नियमावली पारित

काठमाडौँ । प्रतिनिधिसभा नियमावली, २०८३ पारित भएको छ। प्रतिनिधिसभाको आइतबारको बैठकबाट उक्त नियमावली पारित भएको हो ।

बैठकमा प्रतिनिधिसभा नियमावली मस्यौदा समितिका सभापति गणेश पराजुलीले 'प्रतिनिधिसभा नियमावली मस्यौदा समितिको प्रतिवेदन, २०८३ लाई पारित गरियोस्' भन्ने प्रस्ताव प्रस्तुत गर्नुभएको थियो। उक्त प्रस्तावलाई सभाको बहुमतले पारित गरेको हो । सभामुख डोलप्रसाद अर्यालले प्रतिनिधिसभा नियमावली मस्यौदा समितिको प्रतिवेदन, २०८३ को नियम २ देखि २६३ सम्म र अनुसूची १ देखि ७ सम्म उक्त नियमावलीको अङ्ग बनेको घोषणा गर्नुभयो । बैठकले नियमावली मस्यौदा समितिको प्रतिवेदन का सम्बन्धमा सभापति पराजुलीले जवाफ दिने क्रममा स्वीकार गर्नुभएको संशोधन स्वीकृत गरेको थियो ।

## हरिदेवी कोइराला साहित्य सम्मान रोशनलाई

गण्डकी । पोखरास्थित हरिदेवी कोइराला साहित्य-सङ्गीत सम्मान कोषले यस वर्षको 'हरिदेवी कोइराला साहित्य सम्मान' साहित्यकार काजी रोशनलाई प्रदान गर्ने भएको छ ।



लोकगायिका हरिदेवी कोइरालाको कविता सङ्ग्रह 'मायाको भूगोल' लोकार्पण गरिने कोषले जनाएको छ ।

धवलागिरि साहित्य प्रतिष्ठान, बागलुङका अध्यक्षसमेत रहनुभएका रोशनलाई यही जेठ २३ गते शनिबार पोखरामा आयोजना हुने विशेष समारोहमा नगद रु २५ हजारसहित उक्त सम्मान अर्पण गरिने कोषले जनाएको छ ।

साहित्यकार लक्ष्मण थापा संयोजक तथा कृष्णप्रसाद पौडेल र संरक्षक रामबहादुर कोइराला सदस्य रहेको प्रतिभा छनोट समितिले गरेको सिफारिसका आधारमा साहित्यकार रोशनलाई सम्मान प्रदान गर्ने निर्णय गरिएको कोषका सचिव पदमराज ढकालले जानकारी दिनुभयो । सोही समारोहमा साहित्यकार एवं वरिष्ठ

साहित्यकार रोशन बागलुङमा रहेर साहित्य सेवामा सक्रिय हुनुहुन्छ । कविता, नियात्रालगायत विभिन्न विधामा उहाँका कृतिहरु प्रकाशित छन् । साहित्यिक अभियानमा पनि उत्तिकै क्रियाशील रोशनले प्रबल जनसेवाश्री लगायत विभिन्न पदक, सम्मान तथा पुरस्कार प्राप्त गरिसक्नुभएको छ ।

# एक सय ७६ समाचारबारे प्रेस काउन्सिलमा उजुरी

*प्रत्यूष समाचारदाता*

काठमाडौँ । चालु आर्थिक वर्षको यही जेठ ६ गतेसम्म सत्यता नै नभएका एक सय ७६ वटा समाचार प्रकाशन भएको भन्दै प्रेस काउन्सिल नेपालमा उजुरी परेको छ ।

सम्पादक समाज नेपालले आइतबार आयोजना गरेको 'नागरिकको अपेक्षाः जिम्मेवार पत्रकारिता' विषयक अन्तर्क्रिया कार्यक्रममा यसबारेमा जानकारी दिइयो । काउन्सिलमा दर्ता भएका उजुरीमध्ये दोस्रो सबैभन्दा बढी मानहानी सम्बन्धि रहेका छन् ।

कार्यक्रममा कार्यपत्र प्रस्तुत गर्दै पत्रकार तोया गौतमले सूचना विभागमा आठ हजारभन्दा बढी पत्रपत्रिका स्थायी रूपमा दर्ता भए पनि करिब पाँच हजारमात्र प्रकाशन भएर प्रेस काउन्सिल नेपालमा वर्गीकरणका लागि पुगेका जानकारी दिनुभयो । पत्रकारले समयअनुसार परिवर्तित प्रविधिको उपयोग गरेर पनि गुणस्तरीय पत्रकारिता गर्न सकिने उहाँले प्रस्तुत गर्नुभएको कार्यपत्रमा उल्लेख छ । नेपाल इन्जिनियरिङ एसोसिएसनका पूर्वकार्यकारी सदस्य इन्जिनियर उमेश गुप्ताले इन्जिनियरिङ संरचना बनेपछि प्रयोग गर्न उपयोग छ, छैन भनी सामाजिक परीक्षण गर्ने विषयलाई पनि पत्रकारले समाचार सङ्कलनको विषय बनाउनुपर्ने बताउनुभयो । वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन नाम चलेकै परामर्शदाता कम्पनीले पनि 'कपीपेष्ट' गर्ने गरेकाले यस विषयमा पनि पत्रकारिता गर्नुपर्ने उहाँको भनाइ थियो ।

काठमाडौँ महानगरपालिकाका प्रवक्ता एवं सूचना सञ्चार विभाग प्रमुख नवीन मानन्धरले सत्य र तथ्यमा आधारित पत्रकारिता हुनुपर्ने बताउँदै यस्तो पत्रकारितालाई स्थानीय सरकारले पनि सहयोग गर्ने बताउनुभयो । स्थानीय तहले गरेका गतिविधिका बारेमा राम्रोसँग समाचार सङ्कलन गरिनुपर्ने उहाँको भनाइ थियो ।

गोरखापत्र दैनिकका प्रधानसम्पादक जुनारबाबु बस्नेतले लोकतान्त्रिक शासन व्यवस्थामा सही निर्णय गर्न सही सूचना चाहिने भएकाले पत्रकारिताको महत्व रहेको बताउनुभयो । नागरिकको दैनिकीलाई सहज हुनेगरी आमसञ्चारमाध्यमले काम गर्नुपर्ने उहाँले बताउनुभयो । नेपाल पत्रकार महासङ्घ काठमाडौँ शाखाका अध्यक्ष शोभा अर्यालले सामाजिक सञ्जालमा आउने गरेका सूचना सम्पादन नभई आउने र त्यसलाई आममानिसले पत्रकारिता भनी बुझ्ने गरेकाले पत्रकारिताप्रतिको धारणा फरक भएको बताउँदै मिडिया साक्षरता दिन आवश्यक रहेकामा जोड दिनुभयो । सञ्चारमाध्यमले नागरिक अधिकारका बारेमा सुसूचित गर्नुपर्ने उहाँले बताउनुभयो । मध्याह्न दैनिकका सम्पादक मदनकुमार श्रेष्ठले पत्रकारिता प्रवर्द्धन गर्ने तीनवटा कानुन भए पनि गत चैत १८ गते सचिवस्तरीय निर्णय गरी सरकारी सूचना निजी क्षेत्रका सञ्चारमाध्यमलाई नदिने व्यवस्था गरेपछि पत्रकारिता क्षेत्रमा समस्या आएको बताउनुभयो ।

सेन्टर फर मिडिया रिसर्चका भुवन केसीले सामाजिक सञ्जाल बलशाली बन्दै गएकाले पत्रकारले प्रविधि र विषयवस्तुसँग नडराई पत्रकारितालाई अघि बढाउनुपर्ने बताउनुभयो ।

# गौरीटार रंगशाला उद्घाटन, आगामी आवमा थप पूर्वाधार निर्माण गरिने

*प्रत्यूष समाचारदाता*

बागमती । बागमती प्रदेश सरकारका मुख्यमन्त्री इन्द्रबहादुर बानियाँले हेटौँडास्थित गौरीटार रंगशालाको स्तरोन्नति गरिने बताउनुभएको छ । प्रदेश सरकारको लगानीमा निर्माण भएको रंगशाला उद्घाटन गर्नुहुँदै उहाँले यस आयोजनालाई प्रदेश सरकारको गौरवको आयोजनाको रुपमा अघि बढाउने बताउनुभयो ।

आगामी आर्थिक वर्षमा रङ्गशालामा प्याराफिट निर्माण गरिने उहाँको भनाइ छ । साथै रङ्गशाला परिसरमा हेल्थ डेक्स, स्वीमिङ पुल, सिन्थटिक ट्रयाकलगायतका पूर्वाधार पनि निर्माण गरिने उहाँले बताउनुभयो ।

खेलाडीहरुको भविष्य सुरक्षित गर्न प्रदेश सरकारले 'बागमती प्रदेशको शान, खेलाडीको सम्मान' भन्ने नयाँ नीति अघि सारेको उल्लेख गर्नुहुँदै उहाँले खेलाडीहरुलाई खेल जीवनबाट सन्यास लिएपछि पनि जीवनवृत्तिका लागि भत्ता र सम्मानको



व्यवस्था प्रदेश सरकारले गर्ने घोषणा गर्नुभयो ।

त्यस अवसरमा नेपाल क्रिकेट सङ्घका सचिव पारस खड्काले गौरीटार क्रिकेट रंगशालालाई बागमती प्रदेशको क्रिकेट हबका रुपमा विकास गर्नुपर्नेमा जोड दिनुभयो। विगतमा हेटौँडामा क्रिकेट खेलका लागि मैदान नहुँदा समस्या भइरहेका बेला प्रदेश सरकारले क्रिकेट रंगशाला निर्माण गरेर प्रशंसनिय कार्य गरेको बताउनुभयो ।

प्रदेश सरकारको रु ११ करोड ७४ लाखको लगानीमा निर्माण गरिएको सो र 'गशालामा अन्तर्राष्ट्रिय मापदण्ड अनुसार निर्माण गरिएको जनाइएको छ । मैदानमा हाल छ सय दर्शक क्षमताको प्याराफिट, भीआइपी कक्ष, टेलिभिजन तथा रेडियो प्रसारण कक्षलगायतको सुविधा रहेको प्रदेश खेलकुद विकास परिषद् बागमती प्रदेशका सदस्य सचिव दीपक लामाले जानकारी दिनुभयो ।

## भक्तपुर नगरव्यापी दाफा प्रदर्शनी सम्पन्न

*प्रत्यूष समाचारदाता*

भक्तपुर । भक्तपुर नगरपालिकाद्वारा आयोजित 'भक्तपुर नगरव्यापी दाफा प्रदर्शनी २०८३' मा उत्कृष्ट पाँच टोलीलाई सम्मान गरिएको छ । भक्तपुरमा शुक्रबार सुरु भएर शनिबार सम्पन्न प्रदर्शनीमा ४६ टोलीले विभिन्न दाफा भजन प्रस्तुत गरेका थिए ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका सचिव एवं पूर्वसांसद प्रेम सुवालले यहाँको ऐतिहासिक, सांस्कृतिक तथा कलात्मक महत्वबारे चर्चा गर्नुभयो ।

कार्यक्रमका सभापति भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले भक्तपुर नगरपालिकाले यहाँका मूर्त तथा अमूर्त सम्पदाको संरक्षण एवं संवर्द्धनमा निरन्तरता दिँदै आएको बताउनुभयो । सम्पदा पुनर्निर्माणमा नगरपालिकाले विदेशी सहयोग नलिएको र जनताको सहयोग एवं सहभागितामै काम गरिरहेको भन्दै उहाँले नगरपालिकाले एक सय ७८ सम्पदाको पुनर्निर्माण सम्पन्न गरिसकेको बताउनुभयो। दाफा प्रदर्शनीमा उत्कृष्ट घोषित कुथुछे दाफा भजन, खिंछे दाफा भजन, ज्याथा गणेश दाफा भजन, लाकोलाछें चपाल दाफा भजन र लाकोलाछें त्वाले दाफा भजनलाई उत्कृष्ट घोषणा गरी लालाखिङ, तँ, भ्यालिन्चा र प्रत्येक टोलीलाई रु १५ हजार पुरस्कार प्रदान गरेको उहाँले बताउनुभयो । यस खालको कार्यलाई निरन्तरता दिने बताइएको छ ।

## बाढीले क्षतिग्रस्त ६ झोलुङ्गे पुल पुनर्निर्माण गरिने

काभ्रेपलाञ्चोक । बाढीपहिरोले बगाएका काभ्रेपलाञ्चोकका ६ झोलुङ्गे पुल पुनर्निर्माण गरिने भएका छन् । विशेषगरी जिल्लाको दक्षिणी क्षेत्रमा रोशी खोलाको बाढीपहिराले बगाएका ती पुल निर्माणार्थ अर्थ मन्त्रालयबाट स्रोत सुनिश्चित भएको हो ।

विसं २०८१ असोज १०-१२ गतेको अविरल वर्षासँगै रोशी खोलामा आएको बाढीका कारण क्षति पुगेको पक्की पुलसहित क्षतिग्रस्त झोलुङ्गे पुल झन्डै दुई वर्षपछि पुनर्निर्माण हुने भएका छन् । रोशी गाउँपालिका-३ स्थित नमोबुद्ध रोशी ( पिपलटार सुँगुरेडाँडा झोलुङ्गे पुल, खाक्सी झोलुङ्गे पुल, रोशी गाउँपालिका-११ स्थित मास्ती पिप्ले (लोडसाङ-कालढुङ्गा झोलुङ्गे पुल) र पिप्लेदोभान झोलुङ्गे पुल पुनर्निर्माणको लागि अर्थ मन्त्रालयबाट स्रोत सुनिश्चित भएको सहरी विकास मन्त्रालय अन्तर्गतको सस्पेन्सन ब्रिज डिभिजनका बस्यालले जानकारी दिनुभयो ।

*सम्पादकीय ....*

## नेतृत्व जिम्मेवार बन्नुपर्छ

जेनजीहरूको आन्दोलनमा भएको घुसपैठ निकै संकास्पद छ। जनजी आन्दोलनको नेतृत्वकर्ता को हो र कसको आह्वानमा यो विध्वंश भएको हो। यसको एक/एक हिसाव खोजिनुपर्छ। आन्दोलनको उद्देश्य असल नै थियो होला। लिखित रुपमा यसको उद्देश्य प्रष्ट नभए पनि मौखिक रुपमा भ्रष्टाचारको अन्त्य, सुशासन र पारदर्सिता लगायत माग थिए। तर, जेनजी आन्दोलनलाई उग्र तुल्याउन देशद्रोहीहरूको घुसपैठ भयो। अवस्था भयावह बन्ने देखिएपछि प्रहरीले युवाहरूको टाउको र छातिमा गोली प्रहार गऱ्यो। यो घटना दुखद् नै हो। तर, दोस्रो दिनको आगजनी पछाडिका खलनायक नेकपा माओवादी केन्द्र, राष्ट्रिय प्रजातन्त्र पार्टी, राष्ट्रिय स्वन्त्र पार्टी र त्यसका सभापति रबि लामिछने हुन्। रबिले तरलताको मौका छोपेर नक्कली पत्र बनाइ नक्खु कारगारबाट निस्कने गलत प्रपन्च रचे। उनकै सड्यन्त्रका कारण कारागारमा रहेका जघन्य अपराधका थुप्रै कैदीहरूले माग्ने अवसर पाए। त्यसका मतियार रास्वपाका कार्यकर्ता पनि बन्न पुगेका छन्।

शान्ति सुरक्षामा खटिएका तीन जना प्रहरीको हत्या गरे। लोकतन्त्रको प्राप्ति र रक्षाका लागि पूरा जीवन खर्चिनुभएका नेपाली कांग्रेसका पार्टी सभापति एवं पूर्वप्रधानमन्त्री शेर बहादुर देउवा र परराष्ट्रमन्त्री आरजु राणा देउवालाई मरणासन्न हुने गरी कुटपीट गरे। यी सबै जेनजीको नाममा देशद्रोहीले गरका बरबर कार्य हुन्। यसको निन्दा जति गरे पनि कमै हुन्छ। हामीले बुझेको जेनजी १९९७ देखि २०१२ सम्म जन्मेको हो। तर, आन्दोलनको नेतृत्व अहिले सुदन गुरुङले गरिरहेको देखिन्छ। तर, एउटा सञ्चारमाध्यमले लिएको अन्तरवार्तामा उनले आफू आन्दोलनकारी नभएर सेवा भावले आएको दाबी गरेका थिए। कुनै व्यक्ति घाइते भएमा सहयोग गर्ने बताएका थिए। तर, उनी नै एकाएक आन्दोलनको नेतृत्वमा आउनु आश्चर्य जनक र संकास्पद छ।

अर्को कुरा भाटभटेनी जस्ता देशकै ठूला मार्ट मात्र जलेर खरानी भएसंगै नेपालमा लगानी गर्न चाहने ठूला व्यापारिको सपना तुहिएको छ। कयौंको चुलो बल्न रोकिएको छ। देशले ठूलो राजश्व गुमाएको छ। स्वरोजगार गुमाएको छ। धेरै युवाको सपना तुहिएको छ। तसर्थ यस्ता दोषीलाई कानुनी दाएरामा ल्याएर कडा कारबाही गरिनुपर्छ। अब हामी कहाँ चुक्यौं ? भन्ने चर्चा गरौं। हामीले भ्रष्टाचार निवारण गर्न सकेनौं। सुशासन दिन सकेनौं। पारदर्सिताको अभाव भयो। स्थापित पार्टीभित्र कामको आधारमा राम्रो काम गर्नेलाई पुरस्कृत र गल्ती गर्नेलाई दण्डीत गर्नुको सट्टा चाकरहरूलाई अवसरको पहुँच दिँदै आर्थिक रुपमा सम्पन्न बन्न र पदको शिखरमा पुऱ्याउने काम भयो। मानौं पार्टीका कार्यकर्ता दास हुन र यिनको अस्तित्व छैन भन्ने बनाइयो। र, त्यस्तै देखाइयो।

इमान्दार, लगनशील, त्याग, तपस्या, योगदान गरेकाहरू ओझेल पर्दै जानुले समाजमा वितृष्णा पैदा गऱ्यो। ठेकेदार, ब्यापारीलगायतको हातमा पार्टी जानु अर्थात् कब्जा हुनु राम्रो भएन। यस्ता तमाम कमजोरीका कारणले नै निराशा गुणात्मक रुपमा फैलियो। अब यसबाट हामी सच्चिनुपर्छ।

## पाठक वर्गमा अनुरोध

धादिङ जिल्लाबाट प्रकाशन हुँदै आएको धादिङ जिल्लाको पहिलो राष्ट्रिय दैनिक पत्रिका **"प्रत्यूष राष्ट्रिय दैनिक** तपाईंलाई कस्तो लाग्दैछ ? तपाईहरुको सल्लाह, सुझावको लागि अपेक्षा गर्दछौं। तपाईहरुको लेख, रचना,प्रकाशन गर्नुपर्ने सूचना तथा विज्ञापन भए हामीलाई इमेल मार्फत पठाउन सक्नु हुनेछ। तपाईंहरुले पठाउनुभएको लेख रचनालाई प्राथमिकताको साथ प्रकाशन गर्नेछौं।

प्रत्यूष National Daily राष्ट्रिय दैनिक

**नीलकण्ठ –३, धादिङबेसी,**
**फोन ०१०–५२१४३०,९८५११२०८५०**
Email : pratyushdainik@gmail.com

## कीर्तिमानले गौरवान्वित बनाएको सगरमाथा दिवस

*अघिल्लो अंकबाट क्रमशः ........*

*राजु सिलवाल*

४९ वर्षिय पादावा धेरैपटक सगरमाथा आरोहण गर्नेहरुमा दोस्रो आरोही हुनुहुन्छ। यस पटक उहाँले चार दिनमा दुई पटक शिखरमा पुगेर ३१ औं पटक सफलता प्राप्त गर्नु भएको हो। उहाँ जेठ ८ गते शुक्रबार बिहान ४.२० बजे शिखरमा पुग्नुभएको थियो। यसअघि उहाँ जेठ ४ गते सोमबार बिहान ८.४५ बजे पनि चुचुरोमा जानुभएको थियो। उहाँले सन् १९९८ मा पहिलोपटक सगरमाथा चढेपछि लगातार सर्वोच्च शिखरलाई पछ्याइरहनु भएको छ। गैरशेर्पाहरुमध्ये ब्रिटिस आरोही केण्टोन कूल २० पटक सगरमाथा चढेर धेरैपटक सगरमाथामा सफलता पाउने आरोही बन्नुभएको छ।

विश्वकै पहिलो महिला

विश्वका महिलाहरु मध्ये सबैभन्दा धेरै पटक सगरमाथामा पाइला टेक्न सफल श्रीमती ल्हाक्पा शेर्पाले आरोहणको थकाई नमेट्दै आफू आगामी १० वर्षसम्म सगरमाथामा फर्किरहने जानकारी दिनुभएको छ। नेपालको सङ्खुवासभाको मकालुमा जन्मिनुभएकी श्रीमती ल्हाक्पा शेर्पाले जेठ ३ गते नै ११ पटक सगरमाथाको शिखर चुमेर आफ्नै विश्व कीर्तिमान तोडनुभएको थियो। २०५० सालमा स्वर्गीय पासाङल्हामु शेर्पाले पहिलो नेपाली महिलाका रुपमा सगरमाथाको सगरमाथाको सफल आरोहण गर्नु भएपछि ल्हाक्पा शेर्पा दोस्रो नेपाली महिलाका रुपमा सगरमाथामा सफलता पाउनुभएको थियो। त्यसपछि विभिन्न मितिमा १० पटक सगरमाथाको शिखर उक्लन सफल ल्हाक्पाले केही वर्षपछि पुनः ११ औं पटक सफलता हात पार्नुभएको हो।

महिला आरोही ल्हाक्पाले आठ पटक चीनको तिब्बततर्फ पर्ने उत्तरी मोहडाबाट तथा तीनपटक नेपालतर्फ पर्ने दक्षिणी मोहडाबाट सगरमाथा चढ्नुभएको हो। कीर्तिमानी आरोही श्रीमती ल्हाक्पा शेर्पाले आफूले यो दुई महिना लामो यात्राको आनन्द लिन पाएकामा फेसबुकमार्फत आभार प्रकट गर्नुभएको छ। उहाँको अबको धोको आफ्ना दुई छोरीसँगै सगरमाथा आरोहण गर्नु रहेको छ।

अन्य नेपाली महिलाले पनि सगरमाथामा सफलता प्राप्त गरेर मुलुकलाई गौरवान्वित बनाएका छन्। गतवर्ष एकै सिजनमा १३ दिनभित्र तीनपटक सगरमाथा चढेर 'गिनिस अफ वर्ल्ड रेकर्ड'द्वारा सम्मानीत हुनुभएकी फोटो पत्रकार पूर्णिमा श्रेष्ठको सगरमाथामा यसपालिको छैटौं सफलताले नेपाली सञ्चार क्षेत्रले पनि गौरव गर्ने अवसर पाएको छ। गोरखाकी चेली पूर्णिमाले आठ हजार मिटरभन्दा अग्ला विभिन्न आठवटा हिमालको सफल आरोहण गरिसक्नु भएको छ। कुशल फोटो पत्रकार आरोही पूर्णिमाको क्यामराको फ्रेममा सगरमाथाका दुर्लभ दृष्यहरु परेका छन्, जुन तस्बिरहरुले नेपालको पर्वतीय पर्यटनलाई अझ व्यापक रुपमा विश्व बजारमा लैजान थप योगदान दिने अपेक्षा गर्न सकिन्छ।

सशस्त्र प्रहरी बलमा कार्यरत दुई महिलाले पनि यसपटक सर्वोच्च शिखरको सफल आरोहण गरेका छन्। सफल आरोहीहरुमा सहायक निरीक्षक निमडिक्की शेर्पा तथा सहायक हबल्दार अनिता कार्की हुनुहुन्छ। अनिता फेन्सिङ खेलतर्फ दक्षिण एशियाली खेलकुदमा पदक बिजेता खेलाडी हुनु भएकाले नेपालको खेलकुद क्षेत्र आरोहणको सफलतामा प्रतिनिधित्व हुन पुगेको छ।

सदनदेखि समिटसम्म

पहिलोपटक बहालवाला संसदले सगरमाथामा सफलता पाएको घटनाले पनि वसन्त ऋतुमा चर्चा पायो। प्रतिनिधि सभामा पहिलोपटक पर्वतारोहीको प्रतिनिधित्व गर्ने अवसर पाउनु भएका ताप्लेजुङका मिङ्गमा ग्याबु शेर्पाले 'सदनदेखि समिटसम्म अभियान'अन्तर्गत सगरमाथाको चुचुरो चुम्नु भएको छ। उहाँले जेठ १३ गते बुधबार बिहान ६ बजे संसदको लोगो अङ्कित झण्डा सगरमाथामा फहराउनु भएको थियो। उहाँको यो नवौं पटकको सगरमाथा यात्रा थियो। ३० वर्षको उमेरमै आठ हजार मिटरभन्दा बढी उचाई भएका संसारका १४ वटै हिमाल सबैभन्दा कम उमेरमा आरोहण सम्पन्न गर्नु भएका मिङ्गमा अहिले सदनमा राष्ट्रिय स्वतन्त्र पार्टीका तर्फबाट समानुपातिक सांसदका रुपमा रहनु भएको छ।

विश्वको दोस्रो ठूलो केटु हिमाल पहिलो पटक हिउँदयाममा आरोहण गरेर पनि कीर्तिमान कायम गर्नुभएका मिङ्गमा ग्याबुले अहिले जारी रहेका संसदको बजेट अधिवेशनको छलफल जारी रहेको अवस्थामा सभामुखको अनुपस्थितिमा बैठकको अध्यक्षता गर्ने जिम्मेवारी पनि पाउनुभएको छ।

कान्छा आरोही

सोलुखुम्बुको थुलुङ दुधकोशी लोखिमका १६ वर्षिय छिरिङ पासाङ शेर्पाले आफ्नो बाबु तथा आमाको पदचिन्हलाई पछ्याउँदै शिखरमा सफलता प्राप्त गर्नु भएको छ। माउण्टेन बाईक डाउनहिलका खेलाडी छिरिङका बाबु ल्हाक्पा तेम्बा शेर्पाले तीन पटक सगरमाथा चढिसक्नु भएको छ भने आमा डोल्मा लामाले चार वर्षअघि सगरमाथा चढनु भएको थियो।

अन्य उल्लेखनीय सफलता

पर्वतारोही छुल्दिम आङदोर्जी शेर्पा २५ पटक सगरमाथाको चुचुरोमा पुग्न सफल भए छन्। यसैगरी अर्का पर्वतारोही पेमाछिरिङ शेर्पाले पनि २५ पटक नै शिखरमा पुगेका छन्। उहाँहरुको पछिपछि रहनुभएका दोर्जी ग्याल्जेन शेर्पाले २४औं पटक आरोहण गर्नु भएको छ। यो सिजनमा पनि नेपालीका साथै विभिन्न देशका आरोहीले विभिन्न कीर्तिमान कायम गरेका छन्।

दुःखद् अवसान

सगरमाथामा आरोहणकै क्रममा दुःखद् निधन हुनेहरुको सङ्ख्या पनि सानो छैन। सन् २०२५ सम्ममा ३३९ जनाभन्दा बढीको निधन भैसकेको तथ्याङ्क रहेको छ। यसपटक विभिन्न हिमालमा केही आरोहीको दुःखद् निधन हुन पुग्यो। हालसम्ममा सात जना आरोहीको आरोहणका क्रममा ज्यान गएको छ, जसमध्ये सगरमाथामा पाँच जना र मकालु र मकालु दोस्रोमा एक-एक जनाको निधन भएको थियो। सगरमाथाको तेस्रो शिवर नजिकै खाल्डोमा खसेर सोलुखुम्बुको थामेका २१ वर्षीय फुर्बा ग्याल्जेन शेर्पाको निधन भएको थियो।

यस्तै सोलुखुम्बुको सोलु दूधकुण्ड नगरपालिका निवासी दलित समुदायका पहिलो सगरमाथा आरोही ३५ वर्षिय विजय घिमिरे विश्वकर्माको खुम्बु आइसफलमा निधन भएको थियो। सोलुखुम्बुकै गुदेलका ५२ वर्षिय लाक्पा डेन्डी शेर्पाको भने गोरक्षेपबाट सगरमाथा आधार शिविरसम्म पदयात्रा गर्ने क्रममा लडेर निधन भएको थियो। पछिल्लो पटक दुईजना भारतीय आरोहीको सगरमाथा चढेर फर्कने क्रममा दुःखद् निधन भएको थियो। निधन हुनु भएकाहरुमा ५३ वर्षिय अरुणकुमार तिवारी र ४६ वर्षिय सन्दिप ऐरी हुनुहुन्थ्यो।

अर्बौं राजस्व सङ्कलन

नेपाल सरकारले हिमाल आरोहणका लागि अनुमति प्रदान गरेर करिब एक अर्ब २६ करोड रुपैंया राजस्व सङ्कलन गरेको छ, जसमध्ये सबैभन्दा बढी सगरमाथा आरोहण अनुमतिबाट करिब एक अर्ब आठ करोड रुपैंया प्राप्त भएको थियो। सगरमाथा आरोहणका लागि बिदेशी आरोहीले प्रतिव्यक्ति १५ हजार अमेरिकी डलर राजस्व तिर्नु पर्दछ। नेपाली आरोहीले भने प्रतिव्यक्ति एक लाख ५० हजार रुपैंया सरकारलाई बुझाउनु पर्ने नियम रहेको छ।

नेपालको पर्वतारोहण क्षेत्रले विश्वमा आफ्नो विशिष्ठ पहिचान बढाउँदै दरिलो आर्थिक स्रोत जुटाएर मुलुकको अर्थतन्त्रलाई नै उल्लेखनीय सहयोग गर्दै आइरहेको छ। यस क्षेत्रले आरोहण दस्तुरबापत वर्षेनी सङ्कलन गर्ने गरेको अर्बौं रुपैयाँका साथै सयौं सर्वसाधारणलाई रोजगार दिलाएर उल्लेखनीय कार्य गर्दै आइरहेको छ। हाल लाखौं नेपालीहरु रोजगारका लागि विदेसिएको वर्तमान अवस्थामा पर्वतीय पर्यटन मुलुकमै काम गरेर गुजारा गर्ने माध्यम बनिरहेको छ। सहासी पथ प्रदर्शकको परिचय बनाएका नेपाली शेर्पाहरुले असाधारण क्षमताका साथ कठिन चुनौती व्यहोर्दै आइरहेका छन्। पर्वतारोहणका सिलसिलामा ज्यान समेत जानसक्ने जोखिम बारे जानकार हुँदाहुँदै पनि उनीहरुले विश्वका विभिन्न मुलुकका पर्वतारोहीहरुले सपना पूरा गर्न नेतृत्वदायी भूमिका खेल्दै आइरहेका छन्। हिमाल चढ्ने काम खतराजनक भए पनि कीर्तिमानी आरोहीहरुलाई नेपालमा खासै सम्मान तथा सुविधा नभएको आवाज विगतदेखि नै उठ्दै आइरहेको छ। यसका लागि सरकारले नै नीतिगत रुपमा निर्णय लिएर कीर्तिमानीहरुको सम्मानका लागि अग्रसरता लिनु जरुरी भएको महसुस गरिएको छ।

यस वर्ष सगरमाथा आरोहण गर्नेहरुको सङ्ख्यामा उल्लेखनीय वृद्धि हुनु मुलुकका लागि सकारात्मक उपलब्धि हो। यो वर्षको सफलताले आगामी वर्ष सगरमाथामा आउन चाहनेहरुको सङ्ख्या पक्कै बढ्ने सङ्केत मिलेको छ तर आरोहणको गरिमालाई जोगाउन सरकारले यथोचित नीति तर्जुमा गर्नुपर्ने आवश्यकता महसुस गरिएको छ। सगरमाथामा देखिएको ट्राफिक जामलाई कसरी व्यवस्थापन गर्न सकिन्छ भन्नेतर्फ पनि विशेष ध्यान दिनुपर्ने देखिएको छ। एकै सिजनमा सफल आरोहीहरुको सङ्ख्या ह्वात्तै बढेपछि सगरमाथा चढन सजिलो छ भन्ने भाष्य स्थापित नहोस् भन्नेतर्फ सचेत हुनुपर्ने अवस्था सिर्जना भएको छ। अब सगरमाथा आरोहण गर्नका लागि आवश्यक मापदण्डको समय अनुसार परिमार्जन गर्नु पर्ने देखिएको छ। यसैगरी हिमालमा सङ्कलन भएका अर्बौं रुपैंयाँ राजस्व हिमालमा आरोहणका सिलसिलामा निधन भएकाहरुको परिवारको उचित जीविकोपार्जन साथै हिमाली क्षेत्रको तत्काल आवश्यकता अनुसारका क्षेत्र विकासमा खर्च गर्नुपर्ने आवश्यकता महसुस गरिएको छ।

सगरमाथा आरोहणको मौसम समाप्त भैरहेको अवस्थामा आरोहीहरु सुखद सम्झना लिएर विश्वका विभिन्न कुनामा रहेका आआफ्ना घर फर्किंदै छन्। उनीहरुको माध्यमबाट विभिन्न देशमा पुगेका सगरमाथाका जीवन्त तस्बिर र भिडियोले नेपालको प्राकृतिक सौन्दर्यप्रति आकर्षित हुनेहरुको सङ्ख्या अझै बढ्न जाने सहजै अपेक्षा गर्न सकिन्छ। (समाप्त)

## अनलाइन ठगी हुनबाट बचौं

- **अपरिचित नम्वर वा आईडीबाट फोन वा म्यासेजमा प्रलोभन देखाएर ठगी हुन सक्छ।**
- **अपरिचित ब्यक्तिलाई आफ्नो ईमेल वा अन्यको पासवर्ड,बैंकको युजर जस्ता संवेदनशिल सूचना नदिऔं।**
- **बलियो पासवर्ड राखौं र समय समयमा परिवर्तन गरौं,**
- **आफ्ना सम्पूर्ण व्यक्तिगत विवरणको उचित संरक्षण गरौं,**
- **अनलाइन ठगी भएको वा हुन लागेको पाइएमा त्यस विरुद्ध नेपाल प्रहरी तथा साइवर ब्युरोमा उजुरी वा जानकारी गराऔं,**
- **अनलाइन ठगीबारे सबैलाई जागरुक गराऔं,**
- **अनलाइन ठगी साइबर अपराध हो, यसबाट आफू पनि जोगिऔं र अरुलाई पनि जोगाऔं।**

**नेपाल सरकार,**
**विज्ञापन वोर्ड**

## शिक्षासँगै दृढ इच्छाशक्तिबाट सफलता सम्भव

कर्णाली । राज्यको विभिन्न तहमा पुगेका र सफलता हासिल गरेका कर्णालीका विभिन्न क्षेत्रमा सफल महिलाहरूले शिक्षा, निरन्तर मिहिनेत र आत्मविश्वासबाट जीवनका कठिन चुनौतीलाई अवसरमा बदल्न सकिने बताएका छन् ।

ज्योति फाउन्डेसनद्वारा सुर्खेतको वीरेन्द्रनगरमा शनिबारदेखि जारी 'कर्णाली छोरी सम्मेलन-२०८३' दोस्रो संस्करण कार्यक्रममा 'ज्ञानको उज्यालोमा छोरी' शीर्षकमाथिको छलफलमा उनीहरूले यस्तो बताएका हुन् । छलफलमा लोकसेवा आयोग कर्णाली प्रदेशका कार्यवाहक अध्यक्ष वसन्तीकुमारी सिंह शाही, नेपाल सरकार सञ्चार मन्त्रालयका सचिव लक्ष्मीकुमारी बस्नेत र सामाजिक विकास मन्त्रालय कर्णाली प्रदेशका सचिव रोशनीकुमारी श्रेष्ठ सहभागी हुनुहुन्थ्यो ।

पत्रकार नेत्र केसीले सहजीकरण गर्नुभएको उक्त छलफलमा उहाँहरूले आफ्ना सङ्घर्ष र सफलताका अनुभव सुनाउँदै कर्णालीका छोरीहरूलाई शिक्षा तथा आत्मनिर्भरताको बाटो रोज्न उत्प्रेरित गर्नुभयो । आयोगका कार्यवाहक अध्यक्ष शाहीले बझाङमा जन्मिएर हुम्लाको खार्पुनाथ गाउँपालिकामा विवाह गरेपछि पनि यो अवस्थामा आउँदै गर्दा गर्नुपरेका दुःख र सङ्घर्षको कथा सुनाउनुभयो । कर्णाली त्यसमा यहाँका महिला तथा छोरीहरूले गर्ने सङ्घर्षको कथाभित्र थुप्रै व्यथा लुकेको उहाँको भनाइ थियो ।

विवाहपछि पनि अध्ययनलाई निरन्तरता दिँदै पाँच-छ महिनाको बच्चा काखमा राखेर एसएलसी उत्तीर्ण गरेको सुनाउँदै कार्यवाहक अध्यक्ष शाहीले दृढ इच्छाशक्तिका अगाडि जस्तासुकै बाधा पन्छिएर जान तथा त्यसका लागि हार कहिल्यै मान्न नहुने तर्क गर्नुभयो । घरपरिवारको जिम्मेवारीसँगै उच्च शिक्षा हासिल गर्दै दुई विषयमा स्नातकोत्तर तह पूरा गर्नुभएकी उहाँले फेरि अर्को विषयमा स्नातकोत्तर अध्ययनरत रहेको बताउनुभयो । त्यसैगरी, नेपाल सरकारका सचिव बस्नेतले व्यक्तिको इच्छाशक्ति, सोच र परिवारबाट प्राप्त समान अवसरले सफलता हात पर्ने बताउनुभयो । शिक्षाप्रतिको सकारात्मक सोचले आफूलाई सफलताको मार्गमा अघि बढाएको बताउँदै उहाँले सुर्खेतबाट स्नातक तह पूरा गरेपछि काठमाडौँमा एमबीए अध्ययन गरी बैंकिङ क्षेत्रमा काम गरेको अनुभव सुनाउनुभयो । आफ्नै ठाउँमा योगदान गर्ने उद्देश्यले जागिर छोडेर सुर्खेत फर्किएको र त्यसपछि लोकसेवा आयोगको तयारी गरी २०६३ सालमा अधिकृत तथा २०६७ सालमा पहिलो प्रयासमै सहसचिवमा नाम निकाल्न सफल भएको सचिव बस्नेतको भनाइ थियो । आत्मविश्वास र साहस राखेर संयमता अपनाउँदै अगाडि बढ्न छोरीहरूलाई उहाँले सुझाउनुभयो । दैलेखकी पहिलो महिला शाखा अधिकृत श्रेष्ठले निरन्तर मिहेनत र लगनशीलताले निजामती सेवामा सफलता हासिल गर्न सकिने बताउनुभयो । पहिलो प्रयासमा असफल भए पनि हार नमान्दै पुनः तयारी गरेर २०६२ सालमा शाखा अधिकृतमा नाम निकाल्न सफल भएको अनुभव सुनाउँदै उहाँले जीवनमा हार नखान सन्देश दिनुभयो । शिक्षा र चेतनाको स्तर बढ्दै गए पनि आर्थिक अवस्था र सुरक्षाका चुनौती अझै विद्यमान रहेकाले यसमा राज्यले विशेष ध्यान दिनुपर्ने श्रेष्ठको भनाइ थियो ।

## चार दिनमा पचास हजार बढीले गरे मुक्तिनाथको दर्शन

मुस्ताङ । यहाँस्थित मुक्तिनाथ मन्दिरमा पछिल्ला चार दिनमा करिब ५० हजारले दर्शन गरेका छन् ।

विगतमा औसत दैनिक तीनदेखि चार हजार भक्तजन उपस्थित हुने मन्दिरमा बिहीबारदेखि आइतबारसम्म करिब ५० हजारले दर्शन गरेको जिल्ला प्रहरी कार्यालय मुस्ताङका सूचना अधिकारी एवं प्रहरी निरीक्षक सन्तोष बस्यालले जानकारी दिनुभयो । बिहीबारदेखि आइतबारसम्म सार्वजनिक बिदा परेको तथा भारतमा अत्यधिक गर्मी हुँदा भारतीय पर्यटकको मुस्ताङ आएको उहाँको भनाइ छ ।

मुक्तिनाथ विकास समितिका व्यवस्थापक दिनेश भुसालले मुक्तिनाथ दर्शन गर्न आएका दर्शनार्थी पर्यटकमध्ये ७० प्रतिशत भारतीय रहेको जानकारी दिनुभयो । पर्यटकको सङ्ख्या बढेसँगै स्याङ्दीको बेनीदेखि मुक्तिनाथसम्म होटल भरिभराउ भएका छन् ।

## असहायका लागि खाना, नाना र छानाको व्यवस्था गर्छौः मुख्यमन्त्री बानियाँ

चितवन । बागमती प्रदेश सरकार मुख्यमन्त्री इन्द्रबहादुर बानियाँले असहाय र बेवारिसेका लागि आश्रय प्रदेश सरकार दिने बताउनुभएको छ ।

आइतबार आयोजित चितवन जिल्ला सहयोगापेक्षी, बेसाहारा, अभिभावकविहीन सडक आश्रित मानव मुक्त घोषणा कार्यक्रममा उहाँले यस्ता व्यक्तिहरुका लागि खाना, नाना र छानाको व्यवस्था प्रदेश सरकारले गर्ने र यसको व्यवस्थापन सामाजिक संस्थाहरुले गर्नुपर्ने बताउनुभएको हो । उहाँले असहाय तथा मानव सेवामा समर्पित संस्थाहरूलाई सहयोग गर्न प्रत्येक पालिकामार्फत कम्तीमा रु पाँच लाख उपलब्ध गराउन सुरु गरिएको उहाँले बताउनुभयो । बागमती प्रदेशका सामाजिक विकासमन्त्री कञ्चनचन्द्र वादे, संस्कृति तथा पर्यटनमन्त्री सुरेश श्रेष्ठ, भरतपुर महानगरपालिकाका कार्यवहाक प्रमुख चित्रसेन अधिकारी, प्रमुख जिल्ला अधिकारी गणेश अर्याल, मानवसेवा आश्रमका संस्थापक अध्यक्ष रामजी अधिकारीले सहयोगापेक्षी, बेसाहारा, अभिभावकविहीन सडक आश्रित मानवमुक्त घोषणासँगै जिल्लावासीको सक्रियता आवश्यकता रहने बताउनुभयो ।

## सुदूरपश्चिमः नीति तथा कार्यक्रम प्रदेशसभामा पेस गर्ने निर्णय

कैलाली । सुदूरपश्चिम प्रदेश सरकारले आगामी आर्थिक वर्ष २०८३/८४ को नीति तथा कार्यक्रम प्रदेशसभामा पेस गर्ने निर्णय गरेको छ । प्रदेश सरकारको आइतबारको मन्त्रिपरिषद् बैठकले उक्त निर्णय गरेको हो ।

सभाको बैठक यही जेठ १८ गते सोमबार (आज) दिउँसो ३:०० बजे बस्ने कार्यसूची छ । सभामा प्रदेश प्रमुख नजिर मियाँले प्रदेश सरकारको नीति तथा कार्यक्रम प्रस्तुत गर्ने कार्यक्रम छ ।

आजको बैठकले सुदूरपश्चिम प्रदेश विकास परिषद्बाट पारित दोस्रो पञ्चवर्षीय योजनाको मस्यौदालाई स्वीकृत गर्दै आजदेखि कार्यान्वयनमा ल्याउने निर्णय गरेको छ । प्रदेश नीति तथा योजना आयोगद्वारा तयार गरिएको योजना पहिलो पञ्चवर्षीय योजनाको समीक्षा, सङ्घीय सरकारको सोह्रौं योजना, संविधान, ऐननियम, आर्थिक सर्वेक्षण तथा सरोकारवालासँगको छलफलका आधारमा दोस्रो पञ्चवर्षीय योजनाको मस्यौदा तयार गरिएको हो ।

'समुन्नत, सुन्दर सुदूरपश्चिम' भन्ने दीर्घकालीन सोचसहित तयार गरिएको योजनाले प्रदेशवासीको जीवनस्तर सुधारलाई मुख्य लक्ष्य बनाएको छ । उत्पादन वृद्धि, गरिबी न्यूनीकरण, रोजगारी सिर्जना, पूर्वाधार विकास, स्वास्थ्य तथा शिक्षा सुधार, वातावरण संरक्षण र सुशासन प्रवर्द्धनलाई प्राथमिकतामा राखिएको छ । योजनाले कृषि, पर्यटन, उद्योग र सेवा क्षेत्रको विकासमार्फत आर्थिक वृद्धि हासिल गर्ने, साथै यातायात, ऊर्जा, खानेपानी र डिजिटल पूर्वाधार विस्तार गर्ने रणनीति अघि सारेको छ । सामाजिक क्षेत्रमा समान पहुँच सुनिश्चित गर्नुका साथै जलवायु परिवर्तन अनुकूलन, जैविक विविधता संरक्षण र विपद् जोखिम न्यूनीकरणलाई प्राथमिकता दिइएको छ ।

## संसद् बैठक स्थगित

काठमाडौँ । प्रतिनिधिसभाको बैठक विपक्षी सांसदको अवरोधपछि स्थगन भएको छ । बैठकमा सभामुख डोलप्रसाद अर्यालले प्रतिनिधिसभा नियमावली मस्यौदा समितिको प्रतिवेदन, २०८३ माथि प्राप्त संशोधनलाई निर्णयार्थ प्रस्तुत गर्ने क्रममा विपक्षीले अवरोध गरेपछि बैठक स्थगित भएको हो ।

सभामुखले प्राप्त संशोधन प्रस्ताव लाई निर्णायार्थ प्रस्तुत गर्ने क्रम अघि बढाएसँगै विपक्षी बेञ्चका सांसदहरुले उठेर विरोध गर्नुभएको थियो ।

प्रमुख प्रतिपक्षी नेपाली कांग्रेसका सांसद वासना थापाले सभामुखसँग समय मागेर नियमावलीको मस्यौदामाथिको छलफलमा सहभागी सांसदहरुले मस्यौदालाई समितिमा टुङ्ग्याएर पूर्ण छलफलका लागि सदनमा ल्याउन माग गरेको सन्दर्भ उल्लेख गर्दै सो प्रस्तावलाई निर्णयार्थ प्रस्तुत नगर्न आग्रह गर्नुभयो ।

सभामुखले कार्यसूचीअनुसार प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्न थालेपछि विपक्षी कांग्रेस, नेपाल कम्युनिष्ट पार्टी (एमाले), नेपाली कम्युनिष्ट पार्टी, श्रम संस्कृति पार्टी र राष्ट्रिय प्रजातन्त्र पार्टीका सांसदहरुले 'वेल' घेराउ गर्नुभएको थियो । सभामुखले सभाको मर्यादा पालना गर्न पटक पटक विपक्षी सांसदलाई आग्रह गर्नुभएको थियो ।

विपक्षी सांसदलाई सम्झाउन सत्ता पक्षका सांसदहरु पनि आसनबाट उठेर 'वेल'मा पुग्नुभएको थियो । सो क्रममा सांसदहरुबीच घम्साघम्सी भएको थियो । विपक्षीको अवरोध जारी रहेपछि सभामुखले १५ मिनेटका लागि बैठक स्थगन गर्नुभयो ।

त्यसअघि बैठकमा नियमावली मस्यौदा समितिका सभापति गणेश पराजुलीले 'समितिको प्रतिवेदन, २०८३ माथि दफावार छलफल प्रारम्भ गरियोस्' भन्ने प्रस्ताव प्रस्तुत गर्नुभएको थियो । उक्त प्रस्ताव सभाको सर्वसम्मतिबाट स्वीकृत भएको थियो ।

बैठकमा सभामुख अर्यालले सो नियमावलीको मस्यौदामाथि ३५ वटा संशोधनको सूचना प्राप्त भएको जानकारी गराउनुभयो ।

सांसदहरु नरेन्द्रकुमार केरुङ, भरतबहादुर खड्का, राधिका रम्तेल, आरेन राई, महेन्द्रबहादुर शाही, शम्भुप्रसाद ढकाल, प्रमिलाकुमारी गच्छदार, गीता गुरुङ, रिना उप्रेती, सुशीला ढकाल आचार्य, सरस्वती लामा, मातृका यादव, भरत गिरी, पार्वती विक, गोपाल शर्मा, विष्णुमाया विक, यज्ञबहादुर बोगटी, गङ्गादेवी श्रेष्ठ, साजिदा खातुन सिद्धिकी, यशोदाकुमारी बराल, भूमिका लिम्बू सुब्बा, नीता घतानी, गङ्गालक्ष्मी अवाल, कृपाराम राना, लक्ष्मीप्रसाद पोखरेल, गुरुप्रसाद बराल, क्षितिज थेबे, कुलभक्त शाक्य र सागर ढकालले उक्त नियमावलीमाथि आफ्नो संशोधन प्रस्तुत गर्दै छलफलमा भाग लिनुभयो ।

यस्तै सांसद प्रकाशचन्द्र परियार, समीक्षा बाँस्कोटा, राम लामा, विपिनकुमार आचार्य, ऐनबहादुर महर, बलावती शर्मा, पद्माकुमारी अर्याल, वासना थापा, निश्कल राई, भीमकुमारी बुढा, प्रेमबहादुर बयक, खुश्बु ओली, रमेशकुमार मल्ल, पुष्पराज कँडेल र गणेश कार्कीले छलफलमा सहभागिता जनाउनुभयो ।

छलफलमा उठेका प्रश्नको जवाफ दिँदै नियमावली मस्यौदा समितिका सभापति पराजुलीले संविधान, कानुन र लोकतान्त्रिक मूल्यमान्यतालाई आत्मसात गर्दै विगतका अनुभव, अभ्यास र परम्परालाई परिमार्जन गरेर मस्यौदा तयार गरिएको स्पष्ट पार्नुभयो ।

प्रतिनिधिसभाको गत चैत २३ गतेको बैठकले राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) संसदीय दलका उपनेता पराजुलीको संयोजकत्वमा संसद्मा प्रतिनिधित्व गर्ने राजनीतिक दलका सांसद सम्मिलित १५ सदस्यीय नियमावली मस्यौदा समिति गठन गरेको थियो ।

समितिमा ओजस्वी शेरचन, ऐनबहादुर महर, खगेन्द्र सुनार, खुश्बु ओली, गजाला शमीम मिकरानी, तपेश्वर यादव, ध्रुवराज राई, निशा डाँगी, निश्कल राई, बलावती शर्मा, मधुकुमार चौलागाईं, यज्ञमणि न्यौपाने, रेखाकुमारी यादव र सुलभ खरेल हुनुहुन्थ्यो । समितिले गत वैशाख ८ गते नियमावलीको मस्यौदा तयार गरेको थियो ।

## सीपमार्फत विपन्नलाई उद्यमसँग जोड्दै शुक्लाफाँटा नगरपालिका

कञ्चनपुर । स्थानीय साधनस्रोतको उपयोग गर्दै न्यून आय भएका समुदायलाई आर्थिक रूपमा सक्षम बनाउने उद्देश्यले शुक्लाफाँटा नगरपालिकाले 'एक वडा-एक उद्यम' कार्यक्रम सञ्चालन गरेको छ । नगरले परम्परागत सीपलाई आधुनिक बजारको मागसँग जोड्दै आयआर्जन र रोजगारी सिर्जना गर्ने लक्ष्यसहित कार्यक्रम अगाडि बढाएको हो ।

नगरपालिकाको उद्यम विकास शाखामार्फत प्रत्येक वडामा सीपमूलक तालिम सञ्चालन गर्न रु दुई लाखका दरले बजेट विनियोजन गरी दक्ष प्रशिक्षकबाट तालिम प्रदान गरिएको उद्यम शाखाका प्रमुख धनबहादुर चौधरीले बताउनुभयो ।

उहाँका अनुसार वडा नं १ मा बेसार प्रशोधन, वडा नं २ मा दुनाटपरी निर्माण, वडा नं ३ मा सिन्की तथा अचार उत्पादन, वडा नं ४ मा लोपोन्मुख समुदायका परम्परागत पोशाक निर्माण, वडा नं ५ मा सिमेन्ट टायल उत्पादन, वडा नं ६ मा दुनाटपरी निर्माण, वडा नं ८ मा काष्ठकला, वडा नं ९ मा गड्यौला मल उत्पादन, वडा नं १० मा गुन्द्री बुन्ने तथा वडा नं ११ मा दुनाटपरी निर्माणसम्बन्धी तालिम सञ्चालन गरिएको छ । वडा कार्यालयले स्थानीय आवश्यकता र सम्भावनाका आधारमा कार्यक्रम छनोट गरी प्रस्ताव गरेपछि सोहीअनुसार तालिम सञ्चालन गरिएको शाखाका प्रमुख चौधरीले जानकारी दिनुभयो। तालिम प्राप्त सहभागीलाई सङ्गठित गरी घरेलु तथा लघुउद्यम स्थापना गर्ने योजनासहित नगरपालिका अघि बढेको उहाँको भनाइ छ। उद्योग तथा व्यवसाय सञ्चालन गर्न इच्छुक व्यक्तिलाई आवश्यक प्राविधिक सहयोगसँगै औजार तथा उपकरणसमेत अनुदानमा उपलब्ध गराउने तयारी गरिएको चौधरीले बताउनुभयो। उहाँका अनुसार कार्यक्रममा ७० प्रतिशत महिला र ३० प्रतिशत पुरुषको सहभागिता रहेको छ। नगरपालिकाका अनुसार हालसम्म विभिन्न तालिममार्फत १२० जना प्रत्यक्ष लाभान्वित भएका छन् ।

स्थानीयस्तरमा उपलब्ध स्रोत, सीप र कच्चा पदार्थलाई उत्पादनसँग जोडेर रोजगारी सिर्जना गर्ने तथा वैदेशिक रोजगारको विकल्पका रूपमा स्वरोजगार प्रवर्द्धन गर्ने लक्ष्य लिएको जनाएको छ । सञ्चालन गरेको यस कार्यक्रमले परम्परागत सीपको संरक्षणसँगै आर्थिक गतिविधि विस्तार गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

## कटारीमा खानेपानीको समस्याः दमकलबाट वितरण गर्दै नगरपालिका

कटारी । कटारीमा खानेपानीको अभाव भएको छ । कटारी नयाँ खानेपानी तथा उपभोक्ता संस्थाले एक सातादेखि मोटरमा समस्या आएको भन्दै पानी दिन नसकेपछि पिउने पानीको समस्या भएको हो । कटारी नगरपालिका-३, ४ र ५ मा पानीको समस्या देखिएको हो ।

यसैबीच, गर्मीमा खानेपानी अभाव भएपछि कटारी नगरपालिकाले आजदेखि नगरको दमकलबाट पानी वितरण सुरु गरेको छ । "स्थानीयलाई गर्मीमा पिउने पानीको समस्या नहोस् भनेर दमकलबाट टोलटोलमा पानी वितरण सुरु गरेका छौँ", नगरप्रमुख राजेशचन्द्र श्रेष्ठले भन्नुभयो, "उपभोक्ता संस्था देखिएको प्राविधिक समस्या समाधान गरी नियमित पानी वितरण गर्न अझै समय लाग्ने भएपछि दमकलले पानी पुर्याउन थालेका हौं ।"

बिहान कटारी-४ डाँडाटोलका स्थानीय पानी अभाव भएको भन्दै रित्तो गाग्रीसहित पानी माग्न नगरप्रमुखको घर पुगेका थिए । "पानी नभएर शौचालय जान, दैनिक कार्य गर्न, खाना पकाउन तथा पिउन पनि समस्या हुन थालेपछि हामी नगरप्रमुखको घर गएका हौं", स्थानीय केदार रानामगरले भन्नुभयो, "यस्तै अवस्था रहिरहे खाना खाने थाल धुन पनि पानी अभाव हुनेछ ।"

कटारी बजारका होटलसहित स्थानीयलाई समस्या भएको रानामगरको भनाइ छ । अटो रिक्सामार्फत खोलाबाट पानी ल्याएर अन्य काम चलाउनुपर्ने बाध्यता रहेको भन्दै पिउने पानीका लागि नगरले तत्काल वैकल्पिक व्यवस्था गर्नुपर्नेमा उहाँले जोड दिनुभयो । खानेपानी आयोजनाको मोटर (पानी तान्ने उपकरण) पटकपटक बिग्रिँदा समस्या आउने गरेको भन्दै विकल्पमा अर्को मोटर राख्नुपर्ने स्थानीयको माग छ ।

संस्थाका अध्यक्ष विष्णु पौडेलले नयाँ मोटर ल्याउन लागिएको जनाउँदै सम्भवतः भोलि दिउँसोसम्ममा आइपुग्ने बताउनुभयो । सोमबार मोटर आएमा बेलुकासँग जडान गरी मङ्गलबारदेखि नियमित पानी वितरण गरिने उहाँले जानकारी दिनुभयो । "मोटर भारतबाट ल्याउन लागिएको थियो । उक्त मोटर विराटनगर भन्सारमा रोकिएपछि काठमाडौँबाट अर्को मगाएका छौं ।

# दोस्रो भक्तपुर औद्योगिक प्रवर्द्धन व्यापार मेला सम्पन्न

प्रत्यूष समाचारदाता

भक्तपुर । भक्तपुर उद्योग वाणिज्य सङ्घको आयोजनामा यहाँ आयोजित दोस्रो भक्तपुर औद्योगिक प्रवर्द्धन व्यापार मेलामा ३० हजार अवलोकनकर्ताले बढीले अवलोकन गरेका छन् ।

'हस्तकला, मौलिक संस्कृति र दिगो पर्यटन-विकसित र व्यवसायिक भक्तपुर हाम्रो चिन्तन' भन्ने नाराका आज सम्पन्न मेलामा ३० हजारभन्दा बढी उपभोक्ताले अवलोकन गरेका मेलाको सञ्चारमाध्यम संयोजक ऋषिकेश श्रेष्ठले जानकारी दिनुभयो । भक्तपुर जिल्लाका मौलिक उत्पादन एवं स्थानीय स्रोत र साधनबाट उत्पादित हस्तकलाका सामानलाई राष्ट्रिय तथा अन्तराष्ट्रियस्तरका बजारमा प्रवर्द्धन गर्न र उद्योग, व्यापार, कृषि, पर्यटन, संस्कृतिको प्रवर्द्धन गरी जिल्लाको आर्थिक विकासमा टेवा पुर्‍याउने उद्देश्यका साथ मेला आयोजना गरिएको सङ्घका अध्यक्ष कृष्णमुरारी न्यौपानेले जानकारी दिनुभयो ।

मेलामा स्थानीयवासी, आन्तरिक एवं बाह्य पर्यटकले अवलोकन गरेका र स्थानीय उत्पादनदेखि कपडाका कक्ष (स्टल)मा उपभोक्ताको बढी घुइँचो लागेको सङ्घका कोषाध्यक्ष एवं मेला उपसमिति संयोजक रञ्जित मारिखुले जानकारी दिनुभयो । मेलामा भक्तपुरको मौलिक पहिचान भादगाउँले कालोटोपी, जुजु धौ, हस्तकलाका उत्पादन, कृषि उत्पादन, साना तथा मझौला उद्यमीद्वारा उत्पादित सामग्री, चित्रकला, छाला तथा जुत्ताका सामान, औद्योगिक उत्पादनका व्यापारिक कक्ष, स्थानीय खानालगायत ४० वटा कक्ष रहेका उहाँले जानकारी दिनुभयो ।

भक्तपुर उद्योग वाणिज्य सङ्घको आयोजना संचालित मेलामा स्वास्थ्य शिविरसमेत सञ्चालन गरेको मेलामा बालबालिकालाई मनोरञ्जनका लागि बाल उद्यान र उपभोक्ताहरु लाई मनोरञ्जनका लागि बृहत् प्रत्यक्ष सांस्कृतिक कार्यक्रमसमेत आयोजना गरेको उहाँले जानकारी दिनुभयो ।

# विवाहमुक्त बाल्यकाल प्रति समूहिक प्रतिबद्धता

काठमाडौं । कलाकर्मी, खेलाडी, उद्यमी र सञ्चारकर्मीले 'विवाहमुक्त बाल्यकाल' अभियानप्रति सामूहिक प्रतिबद्धता व्यक्त गरेका छन् ।

'प्लान इन्टरनेशन नेपाल'को सहकार्यमा महिला सेवा संस्था नेपालद्वारा आइतबार आयोजित कार्यक्रममा कलाकर्मी, खेलाडी, उद्यमी र सञ्चारकर्मी ले बालविवाह दण्डनीय अपराध भएकाले यसको अन्त्यका लागि आफ्नो पेसा र क्षेत्रबाट निरन्तर लाग्ने प्रतिबद्धता व्यक्त गरेका हुन् । कार्यक्रममा कलाकारहरू जितु नेपाल, शिवशङ्कर रिजाल, लक्ष्मी नेपाली, राधिका हमाल, मनिष रावल, इष्टु कार्की, श्वेता खड्का, आस्था राउत, सदिक्षा नेपाल, रूपेश झा, खेलाडी तारादेवी पुन, सञ्चारकर्मीहरू अनिता विन्दु, विजय पौडेल, कल्पना आचार्य, प्रकाश सिलवाल, मनोपरामर्शकर्ता जमुना शर्मालगायतले अभियान मा ऐक्यबद्धता जनाउनुभएको हो । प्लान नेपालका निमित्त राष्ट्रिय निर्देशक सृजना गुरूङले संस्थागत र व्यक्तिगतरू यस अभियानमा लाग्नुपर्ने बताउनुभयो । सेवा संस्थाका अध्यक्ष भावना भट्टले २० वर्षपछि विवाह गर्ने विद्यमान कानुनी व्यवस्थामा परिवर्तन गर्न नहुनेमा जोड दिनुभयो । कार्यक्रममा बालविवाह अन्त्य अभियानको प्रवर्द्धनमा केन्द्रित प्रत्यक्ष चित्रकला निर्माण, भिडियो तथा रचनाहरू प्रस्तुत गरिएको थियो । नेपालको संविधानको धारा ३९ ले बालबालिकालाई बालविवाह गर्न बाध्य पार्न नहुने व्यवस्था गरेको छ भने मुलुकी अपराध संहिता, २०७४ को दफा १७३ मा २० वर्ष नपुगी गरिने विवाहलाई दण्डनीय मानेको छ । यसैबीच, नेपालले सन् २०३० भित्र बालविवाह अन्त्य गर्ने लक्ष्य लिएको छ ।

# प्रधानमन्त्रीको अभिव्यक्ति सीमा जग्गा भोगाधिकारसँग सम्बन्धित

काठमाडौं । परराष्ट्र मन्त्रालयले प्रधानमन्त्री वालेन्द्र शाहले आइतबार प्रतिनिधिसभाको बैठकमा नेपाल भारत सीमाका सम्बन्धमा उल्लेख गर्नुभएको विषय दशगजा क्षेत्र अतिक्रमण र 'क्रस बोर्डर अकुपेसन' अर्थात् सीमा वारपारको जग्गा भोगाधिकारसँग सम्बन्धित रहेको स्पष्ट गरेको छ ।

आइतबार प्रधानमन्त्री शाहले नेपाल भारत सीमा र लिपुलेकका सम्बन्धमा सांसदहरुले सोधेका प्रश्नहरुको जवाफ दिने क्रममा राख्नुभएको अभिव्यक्ति यसैसँग सम्बन्धित भएको कुरा परराष्ट्रले आज साँझ विज्ञप्तिमार्फत स्पष्ट गरेको हो ।

परराष्ट्र मन्त्रालयद्वारा जारी विज्ञप्तिमा भनिएको छ, "सम्माननीय प्रधानमन्त्रीज्यूले संसदमा उल्लेख गर्नुभएको विषय मूलतः दशगजा क्षेत्र अतिक्रमण र 'क्रस बोर्डर अकुपेसन' अर्थात् सीमा वारपारको जग्गा भोगाधिकारसँग सम्बन्धित छ । नेपाल भारत सीमा निर्धारण गर्दा नदी सिमाना क्षेत्रमा 'फिक्स बाउन्ड्री प्रिन्सिपल' अवलम्बन गरेको कारणले 'क्रस बोर्डर अकुपेसन' भई एक देशका नागरिकले अर्को देशको भूभागभित्र पर्ने जग्गामा खेतीपाती गर्ने तथा बसोबास गर्ने अवस्था छ ।"

नेपाल र भारतबीच रहेको लामो सिमानालाई व्यवस्थित र वैज्ञानिक ढङ्गले नक्साङ्कन भएका क्षेत्रमा सीमा स्तम्भ निर्माण, मर्मत, दशगजा क्षेत्रको अतिक्रमण तथा 'क्रस बोर्डर अकुपेसन'को लगत सङ्कलन गर्न दुई देशका सीमासम्बन्धी संयन्त्र र प्राविधिक टोलीहरू क्रियाशील रहेका सो विज्ञप्तिमा जनाइएको छ ।

साथै परराष्ट्रले लामो समयदेखि अवरुद्ध रहेको प्राविधिक समितिको काम हाल सीमा क्षेत्रमा क्रियाशील रहेको र संयुक्त रुपमा लगत सङ्कलन गर्ने कार्य भइरहेको पनि जनाएको छ ।

प्राविधिक समितिको अध्ययनले कतिपय स्थानहरूमा हाल नेपालको उपयोग र उपभोगमा रहेको जग्गा भारततर्फ पर्न सक्ने र हाल भारतको उपभोग र उपयोगमा रहेको जग्गा नेपालतर्फ पर्न सक्ने देखाएको छ भन्दै प्रधानमन्त्री शाहले संसदमा राख्नुभएको 'कतिपय स्थानमा भारतको जग्गा नेपालतिर रहेको हुन सक्ने' भनाइको सन्दर्भ यही प्राविधिक यथार्थ र 'क्रस बोर्डर अकुपेसन'सँग जोडिएको सो विज्ञप्तिमा उल्लेख गरिएको छ । नेपाली भूमि लिपुलेक क्षेत्र हुँदै भारतले मानसरोवर तीर्थयात्रा मार्ग सञ्चालनमा ल्याएको विषयमा नेपाल सरकारको आधिकारिक धारणा यस मन्त्रालयले २०८३ वैशाख २० मा स्पष्ट पारिसकेको र यस विषयमा नेपालले पठाएको कूटनीतिक नोटको जवाफ भारत सरकारबाट पनि कूटनीतिक नोटमार्फत नै प्राप्त भएको बताउँदै सो विज्ञप्तिमा दुवै देशले सीमासम्बन्धी विवादहरूलाई कूटनीतिक माध्यम र आपसी छलफलबाट समाधान गर्न प्रतिबद्धता व्यक्त गरेका स्पष्ट गरिएको छ । विज्ञप्तिमा भनिएको छ, "नेपाल र भारतबीच सदियौँ पुरानो, लामो र खुला सिमाना रहेको सर्वविदितै छ । नेपालको हालको अन्तर्राष्ट्रिय सीमा सन् १८१६ को सुगौली सन्धिद्वारा स्थापित र निर्देशित छ । नेपाल भारत सिमाना अन्तर्गत सुस्ता र लिम्पियाधुरा, लिपुलेक तथा कालापानी क्षेत्रमा नक्साङ्कन हुन बाँकी रहेको छ । ती स्थान बाहेक अन्य केही स्थानहरूमा 'क्रस बोर्डर अकुपेसन' तथा दशगजा अतिक्रमणको समस्याहरू विद्यमान छन् ।"

# एसइईमा उत्कृष्ट नतिजा ल्याउने युनिकलाई एक लाख पुरस्कार

गोरखा । यस वर्षको एसइईमा फोर ( चार) जिपिए ल्याएर उत्तीर्ण गरेका युनिक पनेरुलाई बारपाक सुलिकोट गाउँपालिकाले पुरस्कार स्वरुप रु एक लाख तथा सम्मानपत्र प्रदान गरेको छ । गाउँ-पालिकाको अघिल्लो वर्षदेखि लागू भएको सो कार्यक्रमअनुसार गणतन्त्र दिवसको अवसर पारेर आयोजित कार्यक्रममा पनेरुलाई सम्मान गरिएको हो ।




"एसइईमा चार जिपिए ल्याउने विद्यार्थीलाई रु एक लाख पुरस्कार दिने गाउँपालिकाले गत वर्ष घोषणा गरेको थियो", गाउँपालिकाका अध्यक्ष विष्णु भट्टले भन्नुभयो, "त्यही कार्यक्रमअन्तर्गत हाम्रो शैलपुत्री माविबाट एसइई दिएर चार जिपिए ल्याएर उत्तीर्ण गरेका पनेरुलाई आइतबार आयोजित अस्पताल उद्घाटन तथा पुरस्कार, वितरण कार्यक्रममा पुरस्कार दिइएको हो ।"

गाउँपालिकाले ३.४ देखि ३.५९ जीपीए ल्याउने सात जनालाई रु १० हजार तथा ३.६० जीपीए ल्याउने एक जनालाई रु १५ हजारका दरले प्रदान गरेको अध्यक्ष भट्टले बताउनुभयो । कक्षा १२ का १०, कक्षा १० का नौ, कक्षा ८ का सात र कक्षा ५ का ६ जना विषयगत उत्कृष्ट शिक्षकलाई पनि रु पाँच-पाँच हजार नगदसहित सम्मान गरिएको गाउँपालिकाले जनाएको छ ।

# विदेशमा शाखा विस्तार गर्दै चलचित्र पत्रकार संघ

काठमाडौं । चलचित्र पत्रकार सङ्घ नेपालले विदेशमा शाखा विस्तार गरेको छ । आफ्नो सङ्गठनात्मक सञ्जाललाई अन्तरराष्ट्रियस्तर मा विस्तार गर्ने उद्देश्यसहित सङ्घले विभिन्न मुलुकका लागि संयोजक तोकेको हो ।

सङ्घको केन्द्रीय कार्यसमितिको बैठकले नेपाली चलचित्र पत्रकारितालाई प्रवासमा रहेका नेपाली समुदायसँग मात्र होइन, अन्तरराष्ट्रिय सांस्कृतिक नेटवर्क (सञ्जाल)सँग जोड्ने आधार तयार गर्ने निर्णय गरेको अध्यक्ष समीर बलामीले बताउनुभयो । सङ्घले संयुक्त राज्य अमेरिकामा दाङ शाखाका संस्थापक अध्यक्ष किसन रेग्मी, क्यानडामा सङ्घका पूर्वउपाध्यक्ष श्याम अर्याल, जापानमा पूर्वसचिव उत्तम गौडेल, युरोप क्षेत्रमा मकवानपुर शाखाका पूर्वअध्यक्ष मणिराज गौतम, अष्ट्रेलियामा सङ्घका सदस्य दीपेन्द्र घिमिरे, बेलायतमा सदस्य दीपशन लुइँटेल तथा कतारमा चलचित्र पत्रकार कमल साउदलाई संयोजकको जिम्मेवारी दिएको जनाएको छ ।

यसअघि दुबईमा वरिष्ठ चलचित्र पत्रकार कमल श्रेष्ठको अध्यक्षतामा नौ सदस्यीय च्याप्टर गठन भइसकेको महासचिव गोपिकृष्ण चापागाईले जानकारी दिनुभयो ।

# लागुऔषधसहित विभिन्न स्थानबाट १९ जना पक्राउ

काठमाडौं । प्रहरीले अवैध लागुऔषधसहित विभिन्न स्थानबाट १९ जना पक्राउ गरेको छ । प्रहरी प्रधान कार्यालयका अनुसार काठमाडौं महानगरपालिका-२६ गोँगबु मित्रनगरबाट अवैध लागुऔषध ब्राउनसुगर जस्तो देखिने पदार्थ छ ग्राम ४४० मिलिग्राम र डिजिटल तराजु एक थानसहित दुई जनालाई शनिबार राति प्रहरीले पक्राउ गरेको हो ।

पक्राउ पर्नेहरूमा सोही ठाउँ बस्ने ४६ वर्षीय अर्जुनबहादुर भुजेल र सोही महानगरपालिका-२६ लैनचौर घर भएका २७ वर्षीय सज्जय गुरुङ रहेका छन् । प्रहरी प्रभाग गोँगबुबाट खटिएको प्रहरीले अर्जुनको घर तलासी गर्दा उक्त पदार्थ फेला पारी निजहरूलाई पक्राउ गरेको हो । काठमाडौं महानगरपालिका-६ रामहिटीबाट नियन्त्रित लागुऔषध डाइजेपाम १४० एम्पुल, बुप्रेनोर्फिन १०९ एम्पुल, फेनारगन १३४ एम्पुल र नगद रु १७ हजार ७०० सहित काग्रेश्वरी मनोहरा नगरपालिका-५ थली बस्ने सिन्धुली घर भएका २९ वर्षीय सुजन लामालाई शनिबार दिउँसो प्रहरीले पक्राउ गरेको छ ।

प्रहरी वृत्त बौद्धबाट खटिएको प्रहरीले बा प्र ०२-०२८ प ४४७७ नम्बरको स्कुटरमा सवार उहाँलाई उक्त लागुऔषध सहित पक्राउ गरेको हो । त्यसैगरी दाङ, पर्सा, कैलाली, कञ्चनपुर, सुनसरी र बाँके जिल्लाबाट प्रहरीले पक्राउ गरेको छ । त्यसैगरी प्रहरीले आइतबबार इन्टरपोलबाट रेड नोटिस जारी भएका फरार व्यक्ति पक्राउ गरेको छ ।

# सुरक्षित समाज निर्माणमा सहकार्य आवश्यक

गण्डकी । बालबालिकाका लागि सुरक्षित समाज निर्माणमा सम्बद्ध सबैको सहकार्य र समन्वय आवश्यक रहेकामा जोड दिइएको छ । भ्वाइस अफ चिल्ड्रेनको आयोजनामा आइतबार पोखरामा आयोजित 'बालअधिकार प्रवर्द्धन तथा अनलाइन बाल यौनदुर्व्यवहार रोकथाममा सञ्चारकर्मीको भूमिका' विषयक अन्तरक्रियामा बालबालिकाका लागि सुरक्षित समाज निर्माणमा सरोकार भएका सबैको साथ र सहयोगको आवश्यकता औँल्याइएको हो ।

बालबालिका शान्ति क्षेत्र राष्ट्रिय अभियानको सहकार्यमा भएको कार्यक्रममा वक्ताहरूले प्रविधिले बनाएको सहजतासँगै त्यस्तै किसिमका चुनौतीहरू थपेको बताउँदै बालबालिकाका लागि सुरक्षित समाज निर्माणमा सचेतना आवश्यक भएको बताउनुभयो । भ्वाइस अफ चिल्ड्रेनका उपनिर्देशक राजु घिमिरेले विश्वमा इन्टरनेटको तीव्र विकाससँगै नेपालमा अनलाइनको माध्यमबाट बालबालिका बढी मात्रामा यौनदुर्व्यवहार, शोषण र हिंसामा परेका घटना सार्वजनिक भइरहेका बताउनुभयो । "संयुक्त राष्ट्रसङ्घीय बालअधिकार समितिको डिजिटल वातावरण को सम्बन्धमा बालबालिकाको अधिकार सम्बन्धी सामान्य टिप्पणी नं २५ अनुसार डिजिटल वातावरणमा प्रत्येक बाल-बालिकाको अधिकारको सम्मान र संरक्षण हुनुपर्छ भनिएको छ, "उहाँले भन्नुभयो, "प्रत्येक देशले उचित नीति नियम बनाएर बालबालिकालाई डिजिटल वातावरण सुरक्षित भएको सुनिश्चित गर्नुपर्दछ भनिएको छ, तर डिजिटल प्रविधिको विकाससँगै अनलाइनमा बालयौन दुर्व्यवहार, शोषण र हिंसाका घटनाहरू अझ धेरै बढेका छन् ।"

यस विषयमा नेपालमा विभिन्न रुपमा तथ्याङ्क सङ्कलन र अध्ययन तथा अनुसन्धानहरू भएका उपनिर्देशक घिमिरेले जानकारी दिनुभयो । इन्टरनेटको सुरक्षित प्रयोगको लागि राज्यको नीति नियम निर्माण र त्यसको प्रभावकारी कार्यान्वयन गर्नुपर्नेमा जोड दिँदै उहाँले सञ्चारकर्मीलगायत सरोकार भएका निकायले आआफ्नो तर्फबाट सहकार्य गरी बालबालिकाको लागि सुरक्षित समाज निर्माणमा सहकार्य गर्नु आजको आवश्यकता भएको बताउनुभयो ।

बालबालिका शान्ति क्षेत्र राष्ट्रिय अभियानका केन्द्रीय सदस्य केशव पौडेलले बालअधिकार प्रवर्द्धनको विषयले प्राथमिकता पाउनुपर्ने बताउनभयो । वरिष्ठ पत्रकार गङ्गाधर पराजुलीले बालअधिकार प्रवर्द्धनमा सञ्चारकर्मीको भूमिका महत्वपूर्ण हुने बताउनुभयो ।

# स्थानीय हाटबजारमा उपभोक्ताको घुइँचो

भक्तपुर । 'दिगो विकास व्यवस्थित सहर, स्वच्छ समृद्ध सूर्यविनायक नगर' भन्ने नाराका साथ सूर्यविनायक नगरपालिकाको आयोजना एवं वडा नं ८ कार्यालयको व्यवस्थापनमा सिपाडोलमा आइतबार भएको नि:शुल्क घुम्ती हाटबजारमा उपभोक्ताको घुइँचो लागेको छ ।

वडा नं ८ का वडाध्यक्ष एवं नगरपालिकाको आर्थिक विकास समिति संयोजक पुष्पराज बस्नेतले घुम्ती हाटबजारमा स्थानीय रैथाने तथा अर्गानिक उत्पादन, हरियो तरकारी, गुन्द्रुक, सिन्की, मस्यौरा, जिम्बु, च्याउँ, कुरिलो, फूलका बिरुवा, स्थानीय फलफूलगायत कक्ष ( स्टल) मा उपभोक्ताको घुइँचो लागेको बताउनुभयो । कार्यक्रममा यसवर्ष एसइई परीक्षा उत्तीर्ण गरेका १०० भन्दा बढी विद्यार्थीलाई सम्मानपत्र प्रदान गरिएको थियो । हाटबजारमा दिउँसोदेखि साङ्गीतिक ब्याण्ड एवं चर्चित गायक मानस राजको विशेष प्रस्तुतीसहित कार्यक्रम आयोजना गरिएको छ । हाटबजार सञ्चालन गर्न कार्यपालिका बैठकबाट 'हाटबजार सञ्चालन कार्यविधि' स्वीकृत गरी सञ्चालनमा ल्याएको जनाउँदै वडाध्यक्ष बस्नेतले नगरपालिकाले पहिलो चरणको समीक्षा गरी तयारी गरिरहेको छ ।

प्रत्युष नेटवर्क प्रा.लि द्वारा प्रकाशित तथा मुद्रित
कार्यालय:नीलकण्ठ न.पा-३, सुगमटोल, धादिङबेसी, कार्यालय फोन ०१०-५२१४३०, ०१०-५९०४३०
सम्पादक : सुजन रेग्मी, Email : pratyushdainik@gmail.com